# झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम कार्यन्वयनका लागि
# ५नं प्रदेश सरकार, स्थानिय पूर्वाधार विभाग संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
# र
# ट्रेल बृज सपोर्ट युनिट विच त्रिपक्षिय समझदारी पत्र ।

प्रदेश सरकार प्रदेश नं ५ बुटवल, नेपाल

## १. पृष्ठ भुमि

नेपाल सरकारको झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम संचालन निम्ति विगत चालिस बर्ष देखि स्वीस सरकारको प्राविधिक सहयोग रहंदै आएको छ । साविकको संघिय मामिला तथा स्थानिय विकास मन्त्रालय र हाल संघीय मामिला तथा सामान्या प्रशासन मन्त्रालय अन्तरगत स्थानिय पूर्वाधार विकास तथा कृषि सडक विभागसंगको समन्वयमा साविकको जिल्ला विकास समिति (जिविस) र हाल जिल्ला समन्वय समिति (जि.स.स. र जिल्ला प्राविधिक कार्यालय (जि.प्रा.का.) मार्फत झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम देशको सात वटा प्रदेश तथा ७७ वटा जिल्लामा संचालन भइ आएको छ । जस अन्तर्गत देशमा ७५०० भन्दा बढि झोलुङ्ग पुल निर्माण भैसकेको छ ।

कार्यक्रम संचालनको लागि नेपाल सरकार तथा स्वीस सरकार विचको दुई पक्षिय सम्झौता अन्तर्गत ट्रेल बृज सर्पोट युनिट (टि.वि.एस.यु.) स्थापना भई आवश्यक प्राविधिक सहयोग प्रवाह भइ आएको छ । पछिल्लो चरणमा प्राविधिक सहयोगको क्षेत्रलाई अझ सशक्त र प्रभावकारी तुल्याउन टिविएसयु मार्फत नै प्रादेशीक प्राविधिक सहयोग प्रदायक साझेदार संस्थाहरु समेत परिचालन गरिएको छ । स्थानिय समुदायलाई प्राविधिक एवं सामाजिक पक्षमा सघाउन स्थानिय गैससहरुको समेत व्यवस्थापन हुंदै आएको छ ।

यस अतिरिक्त दुई पक्षिय सम्झौतामा भएको प्रावधान अनुसार टि.वि.एस.यु.ले निम्न कामहरु समेत प्राविधिक सहयोगको अभिन्न अंगको रुपमा संचालन गर्दै आइरहेको छ ।

- प्रादेशीक स्तरमा झोलुङ्गेपुल निर्माण सामाग्री (फलामे लठ्ठा तथा बुलडग ग्रिप्स) को स्टोर व्यवस्थापन तथा स्थानिय तहमा वितरण गर्ने ।
- तत्कालको केन्द्रिय स्तरमा स्थानिय पूर्वाधार विकास तथा कृषि सडक विभाग, जिविस र जिप्राका, उपभोक्ता समिति र समुदायको क्षमता अभिवृद्धिमा सहयोग गर्ने ।
- झोलुङ्गेपुल निर्माणमा आपत्कालिन एवं पुन:निर्माण तथा सामाग्री सहयोग गर्ने ।
- झोलुङ्गेपुल क्षेत्रगत कार्यक्रम अन्तर्गत निर्माण हुने देशभरका सवै झोलुङ्गेपुलमा प्राविधिक सहयोग गर्ने ।
- सम्पूर्ण झो.पु.निमार्ण चक्र (DPR तयार, निमार्ण सामाग्री तथा झो.पु.निमार्ण) को गुणस्तर सुनिश्चितताको निम्ति प्राविधिक सहयोग गर्ने ।
- झोलुङ्गेपुल क्षेत्रगत कार्यक्रम संचालन निम्ति अत्यावश्यक प्रविधी म्यानुएल, गाइडलाइन्स र फिल्ड प्राविधिक निम्ति हाते पुस्तिकाहरुको विकास र प्रयोग निम्ति अभिमुखिकरण सहयोग गर्ने ।
- झो.पु. रणनीति पालनाको अभिमुखिकरण तथा सुनिश्चितता गर्ने ।

हालको परिवर्तित संघीय संवैधानिक प्रावधान तथा कानुनी व्यवस्था अनुसार अहिले झोलुङ्गेपुल निर्माणको समस्त जिम्मेवारी एवं अधिकार स्थानिय स्तरमा रहेको छ । यद्यपी झोलुङ्गेपुल निर्माणको स्थान, प्राविधिक जटिलता र व्यवहारिकतालाई मध्यनजर गरी कतिपय प्रकृयागत तथा संरचनागत व्यवस्थावारे भने टुङ्गो लाग्ने प्रकृयामा नै छ । यसै परिवर्तित सन्दर्भमा झो.पु.कार्यक्रम सुचारु रुपमा संचालनको उद्धेश्यले यस त्रिपक्षिय सम्झदारी पत्र तयार पारिएको छ ।

## २. उदेश्य

यस समझदारी पत्रको उद्देश्य झो.पु.कार्यक्रमलाई प्राविधिक सहयोग प्रवाह मार्फत सबै तहमा क्षमता अभिवृद्धि गरी नर्मस/स्टाण्डड बमोजिम गुणस्तरीय तथा प्राथिमिकिकरणको आधारमा प्रभावकारी रुपमा कार्यान्वयन गर्नु रहेको छ ।

## ३. भुमिका र जिम्मेवारी

यस त्रिपक्षिय सम्झदारी पत्रका साझेदारी निकायहरुको भुमिका र जिम्मेवारी निम्न बमोजिम रहने छ ।

### ३.१ संघः

- झोलुङ्गे पुलको राष्ट्रिय रणनीति तर्जुमा गर्ने ।
- झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रमको योजना तर्जुमा तथा रकम विनियोजन गर्ने ।
- अन्तर्राष्ट्रिय बोलपत्र मार्फत लट्ठा तथा बुलडग ग्रिप्स खरिद (प्रदेश सरकार/स्थानीय तहलाई वितरण गर्ने गरी) गर्ने ।
- प्राविधिक रुपमा जटिल लामो तरीको झोलुङ्गे पुलहरु निर्माणको लागि सशर्त अनुदान रकम प्रदेशमा विनियोजन तथा अख्तियारी दिने ।
- झोलुङ्गे पुलको निर्माण तथा गै.स.स को सेवा खरिदका लागि स्थानिय सरकारहरुलाई सशर्त अनुदान रकम विनियोजन तथा अख्तियारी दिने ।
- LMBIS अध्यावधिक गर्दा प्रदेश र स्थानिय सरकारलाई पनि यस प्रणालीमा समावेश गराइने छ ।
- अन्तरदेशीय सिमा नदीहरुमा झोपु निर्माण गर्ने ।

### चालु आव २०७५/२०७६ मा कार्यान्वयन हुने झोलुङ्गेपुलहरुको व्यवस्थापन

- साविकका जिल्ला समन्वय समिति/जिल्ला प्राविधिक कार्यालय द्वारा संचालित क्रमागत झोलुङ्गे पुल आयोजनाहरू छोटो तरीको पुलको हकमा स्थानिय तह तथा लामो तरीको पुलको (१२० मिटर भन्दा लामो) हकमा प्रदेशमा हस्तान्तरण गर्न सहजिकरण गर्ने र सोही मुताविक कार्यक्रमको बिनियोजित बजेट प्रदेश तह/स्थानियमा प्रवाह गरी अख्तियारीको व्यबस्था गर्ने ।

### ३.२ प्रदेशः

- प्रादेशिक झोलुङ्गे पुल कार्यक्रमको योजना तर्जुमा तथा रकम विनियोजन गर्ने ।
- प्रदेशको क्षेत्र भित्र झो.पु. कार्यक्रम (गाँउ/नगरपालिकाद्बारा संचालित झो.पु.आयोजना समेत गाँउ/नगरपालिकावाट अनुरोध भई आएमा) संचालनका लागि प्राविधिक सेवा प्रदायक सहयोगी संस्थाको खरिद तथा व्यवस्थापन,
- झोलुङ्गेपुल निर्माण को लागि लठ्ठा तथा फलामे सामानको स्टोर व्यवस्थापन र बितरण गर्ने ।
- लामो तारिको तथा प्राविधिक रुपमा जटिल (Multi Span trail bridge etc.), विशिष्ट लम्बाईको लामो तरीको झोलुङ्गे पुलहरुको (२८०मि.भन्दा लामो) निर्माण गर्ने ।
- स्थानिय तहबाट कार्यान्वयन हुने झोलुङ्गे पुलहरुको बजेट विनियोजन स्थानिय तहमा निक्षेपण हुने र उक्त कार्यक्रम टि.वि.एस.यु.को प्राविधिक सहयोग मार्फत कार्यान्वयन गर्ने व्यवस्था गर्ने ।
- स्थानीय तहले कार्यान्वयनका लागि अनुरोध गरेका लामो तरीको झोलुङ्गे पुलहरुको निर्माण गरिदिने ।
- National Norms/Standard अनुसार गुणस्तर सुनिश्चिता गर्ने ।
  प्रादेशिक "बृज रेकर्ड" तयार गरी अद्यावधी गर्ने तथा जिर्ण पुलहरुको मर्मत सुनिश्चित गर्ने ।
- झो.पु. रणनीति २०६२ को प्रावधानहरुलाई सान्दर्भिक तथा उपयोगी भएसम्म निरन्तरता दिने ।

### चालु आव २०७५/२०७६ मा कार्यान्वयन हुने झोलुङ्गेपुलहरुको व्यवस्थापन

- जिल्ला समन्वय समिति/ जिल्ला प्राविधिक कार्यालय द्वारा संचालित क्रमागत झोलुङ्गे पुल मध्ये लामो तरीको पुलहरुको निमार्ण सम्पन्न गर्ने ।
- प्रदेशको अधिकार क्षेत्रको झो.पु.कार्यक्रम संचालनका लागि प्राविधिक सहयोग प्रदायक संस्थाको छनौट प्रकृया सुरु गर्ने ।

### ३.३ झोलुङ्गे पुल सहयोग इकाई (TBSU) :

प्रदेश सरकार तथा स्थानिय तहलाई झोलुङ्गेपुल कार्यक्रम कार्यान्वयनमा प्राविधिक तथा व्यवस्थापन सहयोग गरी निर्धारीत समयसीमा भित्र गुणस्तरीय झोलुङ्गेपुलहरुको निर्माण सम्पन्न गराउने भूमिका हुनेछ । यस अन्तर्गत निम्न कार्यहरु समेटिएका छन् :

- झो.पु. क्षेत्रगत कार्यक्रमको योजना तथा बजेट तर्जुमा गर्न समन्वय तथा सहजिकरण गर्ने ।
- यस चरणको (TB-SWAp-II) लागि झोलुङ्गेपुल निर्माणमा आवश्यक लट्ठा तथा फलामे सामानको स्टोरहरुको व्यवस्थापन गरी प्रदेश सरकारलाई र स्थानिय तहलाई वितरण गर्नमा मद्दत गर्ने ।
- हालसम्म निमार्ण भएका झो.पु.हरुको सूची तयार गरी प्रदेश तथा स्थानिय तहमा हस्तान्तरण गर्नमा मद्दत गर्ने
- यस वर्षको लागि एक घण्टा भन्दा बढि समयको पैदलफेरो लिनु पर्ने स्थानमा प्रस्ताव भएका नयाँ पुलहरुको DPR तयार पार्न तथा गुणस्तर सुनिश्चित गर्न प्रदेश तथा स्थानिय तहलाई मद्दत गर्ने ।
- प्रदेश तथा स्थानिय तहमा रहेका प्राविधिक जनशक्तीको क्षमता अभिवृध्दी गर्ने ।
- सम्पूर्ण झो.पु.निमार्ण चक्र (DPR तयार, निमार्ण सामाग्री तथा झो.पु.निमार्ण) को गुणस्तर सुनिश्चितताको निम्ति प्राविधिक सहयोग गर्ने ।
- झो.पु. को वृहत मर्मत संभारको निम्ति पुलको अद्यावधी विवरण सहित **Bridge Record** तयार पार्न सहजिकरण गर्ने ।
- झोलुङ्गेपुल कार्यक्रम सम्वद्ध **National Norms/Standard** हरुको प्रदेश तथा स्थानिय तहहरुले परिपालना गर्नमा सहजिकरण गर्ने र सघाउने ।
- कार्यक्रमको लागि संघ/प्रदेश/स्थानीय तहसगँ समन्वय गर्ने।
- कम्तिमा प्रदेशमा १ वा २ वटा फलामे सामाग्रीहरु (Steel decks, steel fences and related accessories) उत्पादन गर्न fabricators हरुलाई उत्प्रेरित गर्ने र तिनीहरुको क्षमता अभिवृद्धि गर्ने ।

### चालु आव २०७५/२०७६ मा कार्यान्वयन हुने झोलुङ्गेपुलहरुको व्यवस्थापनको लागि सहजिकरण

- यस आवमा प्रदेश र स्थानिय तहबाट कार्यान्वयन हुने झोलुङ्गेपुलको सूची तयार पारी सम्वन्धित प्रदेश वा स्थानीय तहमा हस्तान्तरण गर्न सहयोग गर्ने ।
- गत बर्षबाट संचालित ५६ वटा क्रमागत झोलुङ्गेपुलहरु सम्पन्न गर्न प्रदेश/स्थानिय तहलाई आवश्यक प्राविधिक सहयोग प्रदान गर्ने ।
- प्रदेश तहको यस आवको योजना अन्तर्गत झो.पु.हरुको विस्तृत परियोजना प्रतिवेदन **(DPR)** टि.वि.एस.यु.को आफ्नै श्रोत साधन परिचालन गरी सम्पन्न गर्ने र प्रदेश तथा स्थानिय तहलाई हस्तान्तरण गर्ने ।
- आवश्यकता अनुसार स्थानिय तहमा रहेका प्राविधिक जनशक्तिहरुको झोलुङ्गेपुल **सम्वन्धि** क्षमता अभिवृध्दी गर्न तालिम संचालन गर्ने ।
- हाल प्रशिक्षणमा (९ महिना अवधि) रहेका प्रशिक्षार्थि इन्जिनयर तथा सव-इन्जिनियरहरुको प्रशिक्षण सफलतापूर्वक सम्पन्न गर्ने र यो बर्ष असिस्टेन्ट सव-इन्जिनियरहरु निम्ति प्रशिक्षण कार्यक्रम संचालन गर्ने ।

सचिव

- प्रदेश तथा स्थानिय तहमा झोलुङ्गेपुल कार्यक्रम सम्वन्धि नीतिगत एवं कार्यान्वयन प्रकृया वारे सन्दर्भ सामाग्री सहित जानकारी दिने कार्यलाई निरन्तरता दिने ।
- झो.पु. कार्यक्रम संचालनका लागि स्थानिय तहमा गै.स.स परिचालन गर्न सहजिकरण गर्ने ।

## ४ समझदारी पत्रको अबधि

झो.पु.क्षेत्रगत कार्यक्रम संचालन सम्बन्धि नेपाल सरकार तथा स्विस सरकार बिच दुईपक्षिय सम्झौताको अवधि अनुसार हुने (हालको दुईपक्षिय सम्झौता अनुसार १५ श्रावण २०७६ / 31 July, 2019 सम्म) ।

## ५. हस्ताक्षर

**यस सम्झदारी पत्र तल उल्लेखित मितिमा हस्ताक्षर भई लागु भएको छ ।**

| संघको तर्फबाट | प्रदेशको तर्फबाट | स्वीस सरकार विकास सहयोगको |
|---|---|---|
| ................................ | ................................ | ................................ |
| महानिर्देशक<br>स्थानीय पुर्वाधार विभाग<br>संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सचिव<br>भौतिक पूर्वाधार विकास मन्त्रालय<br>५ नं प्रदेश | टिम लिडर<br>ट्रेल बृज सर्पोट यूनिट/हेल्भेटास स्विस इन्टरकोअपोरेशन नेपाल |

मिति...२०७५/०६/१५

## अनुसूची - १ कार्यक्रम कार्यान्वयन गर्ने निकाय/तहको भूमिका र जिम्मेवारी

| निकाय/तह | भूमिका र जिम्मेवारी |
|---|---|
| संघीय सरकार (स्थानीय पुर्वाधार विभाग/झोलुङ्गे पुल शाखा) | स्थानीय पुर्वाधार विभाग- राष्ट्रिय रणनीति तर्जुमा, क्षेत्रगत कार्यक्रमको योजना तर्जुमा तथा रकम विनियोजन, अन्तर्राष्ट्रिय वोलपत्र मार्फत लट्ठा तथा बुलडग ग्रिप्स खरिद (झोलुङ्गे पुल आयोजना, स्थानीय तह र प्रदेश सरकारलाई हस्तान्तरण गर्नेगरी), गै.स.स को सेवा खरिदका लागि स्थानिय सरकारहरुलाई सशर्त अनुदान रकम विनियोजन तथा अख्तियारी, LMBIS अद्यावधी गर्दा प्रदेश र स्थानिय सरकारलाई पनि प्रणालीमा समावेश गर्ने, अन्तरदेशीय सिमा नदीहरुमा झोपु निर्माणको लागि सहजिकरण तथा समन्वय गर्ने ।<br><br>झोलुङ्गे पुल आयोजना- सस्पेन्सन वृज डिभिजन अन्तर्गतका क्रमागत योजनाहरु र विशिष्ट/जटिल प्रकृतिका झोलुङ्गे पुलहरुको निर्माण, अन्तर प्रदेश/ अन्तर देशीय सिमा नदीहरुमा झोपु निर्माण, पर्यटकीय महत्वका झो. पु. निर्माण, DPR तयारीको लागि परामर्शदाता सेवा खरिद, निर्माण व्यवसायी छनौटको लागि खरिद प्रक्रिया । |
| प्रदेश सरकार (भौतिक पूर्वाधार मन्त्रालय/यातायात पूर्वाधार निर्देशनालय/ पूर्वाधार विकास कार्यालय) | योजना तर्जुमा तथा रकम विनियोजन, विशिष्ट लम्बाईको २८० मि. भन्दा लामो तरीका झोलुङ्गे पुलहरु को निर्माण, स्थानीय तहले कार्यान्वयनका लागि अनुरोध गरेका लामो तरीको झोलुङ्गे पुलहरुको निर्माण, DPR तयारीको लागि परामर्शदाता सेवा खरिद, निर्माण व्यवसायी छनौटको लागि खरिद प्रक्रिया । |
| स्थानीय तह (गाँउ/नगरपालिकाको कार्यालय) | योजना तर्जुमा तथा वजेट विनियोजन, उपभोक्ता समिति मार्फत स्थानीय गै.स.स. परिचालन गरी छोटो तरिको झोलुङ्गे पुलहरुको निर्माण, परामर्शदाता र निर्माण व्यवसायी परिचालन मार्फत लामो तरिको झो.पु. निर्माण, आफैले निर्माण गरेका तथा हस्तान्तरण भएका झोलुङ्गे पुलहरुको मर्मत सम्भार गर्ने । |
| समुदाय र उपभोक्ता समिति | स्थानीय गै.स.स.को प्राविधिक तथा सामाजिक सहयोगबाट छोटो तरिको झोलुङ्गे पुलहरुको निर्माण, स्थानीय तहसँगको समन्वयमा झोलुङ्गे पुलहरुको मर्मत सम्भार। |
| प्राविधिक सेवा सहयोग प्रदायक संस्था/निकाय | झो.पु.क्षेत्रगत कार्यक्रम कार्यान्वयनका लागि सवै तहमा प्राविधिक सहयोग, सरोकारवालाहरुको क्षमता अभिवृद्धि र गुणस्तरको सुनिश्चितता । |
| गैर.सरकारी संस्था (गै.स.स.) | छोटो तरिको झो.पु.हरुको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार, छोटो तरिको झो.पु. निर्माणकालागि समुदाय/उपभोक्ता समितिहरुलाई सामाजिक तथा प्राविधिक सहयोग प्रदान । |
| फलामे सामान निमार्णकर्ता (Fabricator) | स्टिल पार्टस फेब्रिकेसन गर्ने । |
| प्राविधिक परामर्शदाता | लामो तरीका झोलुङ्गे पुलहरुकोको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार, निर्माण सुपरिवेक्षण कार्य । |
| निर्माण व्यवसायी | लामो तरी झोलुङ्गे पुलहरुको निर्माण वा सुपरिवेक्षण सहित निर्माण । |

सचिव